# श्री मनकामना सामुदायिक वन उपभोक्ता समूह

## वाणगंगा, पं. दर्ता नं. १२२, कपिलवस्तु

## बोलपत्रद्वारा काठ दाउरा लिलाम विक्रीको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/११/०५

मनकामना सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलन र थिनिङ तथा सुधार कटानबाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। साथै संक्षिप्त सूचना मिति २०८१।११।०५ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन दाखिला गर्न आव्हान गरिन्छ।

(१) वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं. | जात | ग्रेड | थान | कुल परिमाण (क्यु.फि.) | न्युनतम मुल्य प्रति क्यु.फिट | न्युनतम मुल्यांकन | धाङ नं. | प्रकार | संकलन खर्च |
| १ | ९ | अस्ना | A | २०.०० | ७६५.२६ | ४००.०० | ३०६१०४.०० | १२, १३, १४, १५ | RF | प्रति क्यु.फिट रु. १४५ |
| | | अस्ना | B | १२.०० | १७१.३८ | ३००.०० | ५१४१४.०० | | | |
| | | अस्ना | C | ९.०० | ६१.५६ | १००.०० | ६१५६.०० | | | |
| | | बाँझी | | १३ | ८०.०८ | १००.०० | ८००८.०० | | | |
| | | जामुन | B | १ | १२.३४ | ३००.०० | ३७०२.०० | | | |
| | | जामुन | C | ५ | ३०.२२ | १००.०० | ३०२२.०० | | | |
| | | भलायो | | १ | १२.४२ | १००.०० | १२४२.०० | | | |
| | | कर्मा | A | ११ | ३१०.१३ | ४००.०० | १२४०५२.०० | | | |
| | | कर्मा | B | २२ | ७३०.५३ | ३००.०० | २१९१५९.०० | | | |
| | | कर्मा | C | ४१ | ५११.९१ | १००.०० | ५११९१.०० | | | |
| | | जिंगड | | ९ | १०४.४५ | १००.०० | १०४४५.०० | | | |
| | | कुसुम | | ४ | २९.८१ | १००.०० | २९८१.०० | | | |
| | | क्यामुन | | ४५ | ५३९.९० | १००.०० | ५३९९०.०० | | | |
| | | महुवा | | ७ | ४७.३७ | १००.०० | ४७३७.०० | | | |
| | | अन्य | | १ | ३.९९ | १००.०० | ३९९.०० | | | |
| जम्मा | | | | २०१ | ३४११.३५ | | ८४६६०२.०० | | | |
| २ | ११ | अस्ना | A | ५.०० | २३१.४५ | ४००.०० | ९२५८०.०० | | | प्रति क्यु.फिट रु. १४५ |
| | | अस्ना | B | ४.०० | ६१.६९ | ३००.०० | १८५०७.०० | | | |
| | | अस्ना | C | ३.०० | २९.८१ | १००.०० | २९८१.०० | | | |
| | | बाँझी | | ६२.०० | ८०७.६३ | १००.०० | ८०७६३.०० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्मा | B | ६.०० | १४७.६० | ३००.०० | ४४२८०.०० | | |
| | | कर्मा | C | ७.०० | ६५५.८३ | १००.०० | ६५५८३.०० | | |
| | | वेल | | ३.०० | २१.१२ | १००.०० | २११२.०० | २७, ४६ | FT, TI |
| | | विजयसाल | | ४३.०० | ४१५.०६ | १०००.०० | ४१५०६०.०० | | |
| | | वोटधाइरो | | २.०० | ८.१९ | १००.०० | ८१९.०० | | |
| | | कुसुम | | ११.०० | १७१.५२ | १००.०० | १७१५२.०० | | |
| | | सतिसाल | | ३.०० | ८.१६ | १६००.०० | १३०५६.०० | | |
| | | टुनी | A | १.०० | १४.३९ | ३००.०० | ४३१७.०० | | |
| | | टुनी | B | ३.०० | ३९.२९ | २००.०० | ७८५८.०० | | |
| | | अन्य | | ११.०० | २४२.५६ | १००.०० | २४२५६.०० | | |
| जम्मा | | | | १६४ | २२६४.३० | | ७३०३२४.०० | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/११/१९ (ख) समय :- दिनको ठीक ५.०० वजे सम्म (कार्यालय समय भित्र)।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/११/२० (ख) समय :- दिनको ठीक २.०० वजे सम्म।

(४) बोलपत्र फारम प्रति लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय, कपिलवस्तुबाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य वैक, तौलिहवा शाखा, कपिलवस्तुमा रहेको चल्ती खाता नं. ३११०१०००१०३१७००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा वैंक जमानत पेश गरेको हुनु पर्ने छ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(७) लिलाममा भाग लिन ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका सवै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त भए पछि मिति २०८१/११/२० गते दिउँसो २.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको र टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्य समितिमा हुनेछ।

२) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ।

(१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला।

(१४) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

...बहादुर कार्की